# रोजगारी ठगी विरुद्ध शरणार्थी सहयोग परिषद

संयुक्त राज्य न्याय मन्त्रालय नागरीक अधिकारको कार्यलय

## शरणार्थी तथा आप्रवासी: आइ-९ (I-9) फारमको बारेमा तपाईंले जान्नै पर्ने महत्वपूर्ण कुराहरु:

संयुक्त राज्यमा रहेर काम गर्नको लागी, तपाईंले "आइ-९ (I-9) फारम" भर्नै पर्ने हुन्छ। यो सरकारी फारममा तपाईंलाई यहाँ काम गर्न अनुमती दिइएको छ भन्ने कुरा उल्लेख गरिएको हुन्छ। ***नीती नियम पालना नगर्ने रोजगारदाताले तपाईंलाई भेदभाव पनि गरिरहेको हुनसक्छ।***

### *आइ नाइन (I-9) को सेक्सन १ मा तपाईंले आफ्नै बारेमा जानकारी दिनु पर्ने हुन्छ ।*

- शरणार्थी तथा आप्रवासी व्यक्तिहरुलाई "काम गर्न अनुमती पाएका बाहीरी मुलुकका व्यक्तिहरु" का रुपमा लिइन्छ। तपाईंलाई काम गर्नको निम्ति स्थायी अधिकार प्राप्त हुने हुँदा, *काम गर्ने स्वीकृती समाप्त हुने मिती* को खाली ठाउँमा तपाईंले N/A (अर्थात लागु नहुने) लेख्नुहोस्।
- यदि तपाईंले आप्रवासी रजिष्ट्रेशन नम्बरको सट्टा आइ-९४ (I-94) को दर्ता नम्बर उल्लेख गर्न चाहानुहुन्छ भने, तपाईंले आफ्नो पासपोर्टका जानकारीहरु प्रदान गर्नुहोस् (पासपोर्ट भएको खण्डमा)। यदि तपाईंसँग पासपोर्ट छैन भने "पासपोर्ट विवरण"को खाली ठाउँमा (N/A) लेख्नुहोस्।
- यदि तपाईंको आई-९४ (I-94) कार्डमा पहिले प्रीन्ट गरिएको नम्बरलाई काटिएको छ र हातले लेखिएको नयाँ नम्बर उल्लेख गरिएको छ भने उक्त हातले लेखिएको नम्बर नै तपाईंको आई-९४ (I-94) कार्ड नम्बर हो।

### *आइ-९ फारमको सेक्सन २ मा तपाईंले आफ्नो रोजगारदातालाई तपाईंको परिचय तथा रोजगारी स्वीकृती सम्बन्धी कागजपत्र देखाउनु पर्ने हुन्छ।*

- आइ-९ (I-9) मा स्वीकृतको निम्ति तीन ओटा डकुमेन्ट अर्थात कागजपत्रको लिस्ट दिइएका हुन्छन् - लिस्ट A (परिचय पत्र र रोजगारी स्वीकृतीको पत्र ), B -परिचय पत्र), C (रोजगार स्वीकृत डकुमेण्ट)। दिइएको लिस्टबाट तपाईंले पहिलो A लाई मात्र छान्नुहोस् वा A लाई छाडेर B र C दुबैलाई छान्नुहोस्।
- यदि तपाईंसँग राज्य परिचयपत्र (state identification card) र स्वीकृत प्राप्त सामाजीक सुरक्षा कार्ड (unrestricted Social Security card) छ भने, तपाईंको रोजगारदाताले तपाईंलाई तपाईंको रोजगार स्वीकृती पत्र (Employment Authorization Document) देखाउन अनिवार्य गर्ने छैन।
- यदि तपाई शरणार्थी हुनुहुन्छ भने, तपाईंको आइ-९ (I-9) डकुमेण्ट लिस्ट A मा पर्छ, जसको म्याद ९० दिनको मात्र हुन्छ। ९० दिन पछि तपाईंले फेरी अर्को लिस्ट A डकुमेण्ट अथवा सो नभए B र C दूइओटै लिस्ट देखाउनु पर्ने हुन्छ।
- यदि तपाई आप्रवासी हुनुहुन्छ भने, तपाईंले आफ्नो आइ-९४ (I-94) कार्डलाई लिस्ट C को डकुमेण्टको रुपमा प्रयोग गर्न सक्नुहुन्छ।

### *रोजगारदाताले केहि निश्चीत अवस्थाहरुमा बाहेक अन्य कुनै पनि अवस्थामा कर्मचारीको स्वीकृती पत्र तथा डकुमेण्ट हेर्न माग्न पाउने छैन।*

- यदि तपाईंले सेक्सन २ को लागी तपाईंको रोजगारदातालाई रोजगारी स्वीकृती पत्र (Employment Authorization Document) देखाउनुभयो भने, तपाईंको उक्त पत्रको म्याद सकिएपछि, तपाईंको रोजगारदाताले तपाईंलाई अर्को स्वीकृती पत्र हेर्न माग्नेछ। त्यस्तो अवस्थामा तपाईंले म्याद ननागेको लिस्ट A को स्वीकृती पत्र अथवा लिस्ट C को डकुमेण्ट; जस्तै, स्वीकृत प्राप्त सामाजिक सुरक्षा कार्ड (unrestricted Social Security card) देखाउन सक्नुहुन्छ तर तपाईंले रोजगारी स्वीकृती पत्र (Employment Authorization Document) नै पुन: देखाइरहनु पर्दैन।
- यदि तपाईंले सेक्सन २को लागी लिस्ट B र लिस्ट C बाट राज्य परिचयपत्र (state identification card) र स्वीकृत प्राप्त सामाजीक सुरक्षा कार्ड (unrestricted Social Security card) देखाउनुभयो भने, तपाईंको रोजगारी स्वीकृती पत्र (Employment Authorization Document) को म्याद सकिएको भए तापनि तपाईंको रोजगारदाताले तपाईंको उक्त रोजगारी स्वीकृती पत्र हेर्न अथवा जाँच गर्न आवश्यक छैन।

### *काम गर्न सुरु गर्नको निम्ति तपाईंलाई सामाजीक सुरक्षा नम्बर (Social Security number) को आवश्यकता पर्दैन।*

- तपाईंसँग अहिलेसम्म सामाजीक सुरक्षा नम्बर *(Social Security number)* नभए तापनि रोजगारदाताले तपाईंलाई काम गर्न स्वीकृती दिनैपर्छ र तपाईंको प्रारिश्रामीक दिनैपर्छ।
- तपाईंले काम शुरुगर्दा तपाईंसँग सामाजीक सुरक्षा नम्बर *(Social Security number)* छैन भने, सामाजिक सुरक्षा नम्बर *(Social Security number)* लेख्ने ठाउँलाई छाड्न सक्नुहुन्छ। यदि तपाईंको रोजगारदाताले इ-भेरिफाई (E-Verify) प्रयोग गरेतापनि यहि कुरा लागु हुँदछ।

**यदि तपाईंसँग आइ-९ तथा पक्षपात सम्बन्धी कुनै पनि प्रश्न छन् भने हामीलाई पैसा नलाग्ने फोन लाइन 1-800-255-7688 मा सम्पर्क गर्नुहोला अथवा www.justice.gov/crt/about/osc मा होर्नुहोला। अनुवादकहरु उपलब्ध छन्।**